
Received Date: Sept. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# पुस्तक समीक्षा

**विष्णुमाया खत्री**
त्रिचन्द्र बहुमुखी क्याम्पस
घण्टाघर, काठमाडौँ

Doi: **https://doi.org/10.3126/ppj.v4i2.79249**




डा.प्रेमराज न्यौपाने साहित्यक्षेत्रको ठूलो नाम हो । उहाँले लेखेको 'अलकापुरी सभा' उपन्यास एउटा विशालकाय उपन्यास हो । पहिलो पटक पाँच खण्डमा छुट्टा छुट्टै प्रकाशित 'अलकापुरी सभा' उपन्यास पछिल्लो पटक भित्री रूपमा विभिन्न खण्डमा विभाजन गरिएको भए पनि एउटै गाताभित्र प्रकाशित भएको छ । न्यौपानेले यो उपन्यासमा जे लेख्नुहुन्छ त्यो अत्यन्त सान्दर्भिक र सामाजिक चेतनालाई झकझोर्ने हल्लाउने, मानवीय संवेदनालाई अग्रगामी मार्गमा लगाउने, आधुनिक एवम् प्राचीन विषयको समन्वय गराउने तथा करुणाले ओतप्रोत भएको हुन्छ । यो उपन्यास पनि त्यस्तै करुणाले ओतप्रोत भएको उपन्यास हो ।

हाम्रो मन कति धेरै शक्तिशाली छ र कतिसम्म यसले गर्छ भन्ने अनेक अनुसन्धान संसार भरी भएका छन् । भइरहेका छन् र भविष्यमा पनि हुनेछन् । यस विषयमा पूर्वीय चिन्तन धारा आफ्नै छ । पाश्चात्यहरूको आफ्नै छ । विशेष गरेर ऋषिमुनीहरूको ठूलो देन छ । हाम्रा वेद, पुराण, स्मृति, धर्मशास्त्र र अन्य विद्याका क्षेत्रमा गंभीर चिन्तन छँदैछ । अलकापुरी सभाको दृश्यलाई नियाल्दा अत्यन्त मार्मिक दृश्यको उपस्थिति हुन्छ । यस्ता प्रकारका कल्पना आजसम्म कसैको कृतिमा देखिएको छैन ।

यो उपन्यासले समग्र बह्माण्ड समेटेको छ । यसैबाट उहाँको हृदय कति विशाल छ भन्ने कुरा छर्लङ्ग हुन्छ । यहाँ कुनै निश्चित धर्मको कुरा छैन, किन्तु सबै धर्मका कुरा छन् । यहाँ तेरो र मेरो कुरा छैन- समग्रको, सबैको, कुरा छ । यहाँ लेनदेन छैन -सेवा, सुरक्षा र सर्वजन कल्याणको कामना छ । यहाँ केही प्राप्त गर्ने निहित उद्देश्य

छैन किन्तु धरतीलाई बचाउने ठूलो प्रण छ । कसैलाई निन्दा र प्रशंसा यहाँ छैन, यहाँ त वास्तविक रूपमा हामी मानवहरूले गरेका कृत्यहरूको वेबाक, निडर रूपमा यथार्थ सत्यतथ्य प्रकट भएको छ । यो लेखनले मनुष्यका दमित, कुण्ठित अपरिपक्व कामहरूलाई छर्लङ्ग पारेर देखाएको छ ।

सबै धर्मका प्रायः सबै अवतारहरू, गुरुहरू, पैगम्बरहरू, तीर्थङ्करहरूलाई यहाँ अगाडि एउटै ठाउँमा राखेर प्रश्न गरिएको छ । यहाँ कोही पनि यी प्रश्नहरूलाई छोडेर (अनदेखा गरेर) अगाडि जान सक्तैन । यो सबैका लागि चुनौतिपूर्ण कृतिका रूपमा उपस्थित भएको छ । यहाँ प्रस्तुत विषयहरू सबैका लागि स्वीकार्य छन्, कल्याणकारक छन् ।

मानवभित्र रहेको रीस,ईबी, आक्रोश, प्रतिशोध, द्वन्द्व, काम, क्रोध, लोभ,मोह, मद, घृणा र जातीय विद्वेषलाई समेत देखाइएको छ । प्रतिशोधले मनुष्य सधैं आगो भएको छ । सबै जगत् अन्धो जस्तो भएर अर्काको बिरुद्धमा नै अगाडि हिँडेको छ । त्यसैले यहाँ पराकाष्ठाको, अशान्ति, कलह र घोर वैमनश्य उपस्थित भएको देखिन्छ ।

संसार आणविक हतियारले भरिएको छ । ती हतियारहरू कसमाथि प्रयोग गर्ने हो ? के ती हतियारहरू मनुष्य या जीवजन्तु अथवा वनस्पति, पहाड, पर्वत, नदी, समुद्र या आकाश, जून, ब्रह्माण्डको जीवन रक्षाको निमित्त हो ? या यिनीहरूमा यिनै प्रहार गर्नको लागि हो ? भनेर प्रश्न गरिएको छ । होइन भने कसका लागि यी हरियारहरू निर्मित छन ? हाम्रो बुद्धिको क्षेत्र के भएको हो हामी मानव कहाँ छौं र के गरिरहेका छौं ? यी सबै प्रश्नहरू र तिनका उत्तरहरू यस कृतिमा छन् ।

यस उपन्यासमा मानव मनको चेतन, अचेतन, अवचेतन मनमा उठ्ने भावहरूको सफलतापूर्वक विश्लेषण गरिएको छ । यो मानव विज्ञानको अनुपम कृति हो । मनमा कसरी राम्रा भावनाहरूको उदय हुन्छ कसरी नराम्रा भावनाहरूको उदय हुन्छ भन्ने विषयमा विशेष चर्चा गरिएको छ । राम्रा अनुभूति ग्रहण गर्नको लागि कल्याणकारी कार्यहरू गर्ने, कल्याण महोत्सव मनाउने, सेवा सहयोग क्षमादानका नीति अवलम्बन गर्ने प्रस्ताव गरिएको छ ।

मानवको क्रुरता र निर्दयी स्वभावमा परिवर्तन ल्याउनका लागि मानवेतर पात्रहरूमा भएको माया प्रेमका घटनालाई उपस्थापन गरिएको छ । चिम्पान्जीले बिरालोलाई काँखमा लिएर माया गरेको छ, बघिनीले मृग सावकलाई पालेकी छन् । धोवेनी चरीले कोयलको बालकलाई हुर्काएकी छ । मानवेतरहरू एक अर्कामा देखाएको प्रेम भाव मानवको लागि अनुपम पाठ हो । एक जातिको अर्को जातिको जनावरलाई जनावरले सेवा सहयोग गरेका छन् । तर मानव आफ्नै जातिको मानवको हत्या हिंसाको लागि अनेक यन्त्र उपकरणको प्रयोग गरिरहेको छ । जनावर, प्राणीले गरेका यस्ता माया प्रेमका अध्यायहरू मानवको लागि ठूलो पाठ हो भनेर लेखकले प्रष्ट पार्नु भएको छ । विश्वका अधिकांश ठाउँहरू अशान्त छन् । मानव मनमा झगडा, कलह, द्वन्द्व आक्रोश मौलाएको छ । शान्ति सद्भाव हराएको छ । मानवमा भरिएको क्रुरता शान्त गर्न मौरीको जस्तै स्त्री प्रधान समाज बनाउन मौरीले आग्रह गरेका छन् । स्त्रीको प्रधानता भएका यूरोपियन मुलुकहरूमा शान्ति सुव्यवस्था भएको पनि देखिएको छ । यो उपन्यासले पनि शान्तिपूर्ण समाजको परिकल्पना गरेको छ । आदर्श विद्यार्थी बनाउनको लागि गुरु आदर्श हुनुपर्दछ । गुरु मात्र आदर्श भएर पुग्दैन घर परिवार आदर्श हुनुपर्दछ । घर परिवार मात्र नभै सम्पूर्ण समाज आदर्श हुनुपर्दछ । तबमात्र धर्तिमा सदाचारी असल मानवहरूको बाहुल्यता हुनेछ भन्ने कुरा उल्लेख गरिएको छ । धर्तीलाई ईन्द्रको अमरावती जस्तो बनाउन सकिन्छ भन्ने कल्पना यस उपन्यासमा गरिएको छ । यो वास्तवमा नै उच्च कोटीको परिकल्पना हो । यो कृति शिक्षक शिक्षिकाहरूको लागि अनुपम उपहार हो । यसले साँच्चै नौलो चिन्तन बोकेको छ । उच्च शिक्षाका विद्यार्थीहरूका लागि र गुरुहरूका लागि पनि यो अनुपम उपहार हो । मानवले हिड्न पर्ने फरक बाटो यस कृतिमा औंल्याइएको छ ।

हाम्रा शास्त्रहरूमा मानव चोलाको महत्त्व बारम्बार वर्णन गरिएको छ । यस सुन्दर पृथ्वीमा मानव भएर जन्मने केही पुण्यकार्य गर्ने इच्छा देवताहरूलाई पनि थियो । पूर्व र उत्तर वैदिक काल एवं पौराणिक समयमा रचना गरिएका धार्मिक साहित्यहरूमा देवताहरू विभिन्न स्वरूपमा यस धर्तीमा पदार्पण गरेका उदाहरण छन् ।

डा.प्रेमराज न्यौपाने ज्यूको कल्पना र प्रस्तुतिको स्तर उच्च छ । उहाँले इन्द्र, यशु, अल्लाह, बुद्धलाई पात्र बनाएर प्रश्नोत्तरको शैलीमा धर्म-दर्शनको निचोडसँगै आजको वास्तविक समस्यलाई उजागर गर्नुभएको छ ।

अलकापुरी सम्मेलनको पूर्व तयारीमा मेनकाको उदगार मनन योग्य छ । विभिन्न प्रसङ्गमा सन्देशमूलक कथाहरू साह्रै सान्दर्भिक र रोचक छन् । गुरुले मन परेको आफ्नो एक जना शिष्यलाई एउटा इट्टा दिएको प्रसङ्ग महत्त्वपूर्ण छ । लेखकले विश्वमा प्रचलित प्रमुख धर्महरूको सार निचोड सारै रोचक ढङ्गले प्रस्तुत गर्नुभएको छ । ठेलीका ठेली पुस्तक पढे पश्चात् प्राप्त हुने ज्ञान न्यौपाने ज्यूको उपन्यासका दुई चार पृष्ठ पढ्ने बित्तिकै प्राप्त हुन्छ ।

दार्शनिक उपन्यास अलकापुरी सभामा महाभारत र गीताका महत्त्वपूर्ण श्लोक र सन्देश समेत समावेश छन् । उपन्यासमा प्रकृति उपशीर्षकमा पानी र वायुको सारै सुक्ष्म ढंगले व्याख्या गरिएको छ । वैज्ञानिक विश्लेषण सङ्ग सङ्गै पौराणिक कथाका पात्रलाई त्यसमा समावेश गर्नु उपन्यासकार न्यौपाने ज्यूको विशेषता हो । वायु सागरले नै धर्ती ढाकिएको छ भन्दै लेखकले अष्टचिरञ्जीवीमध्ये पवनपुत्र हनुमानको उल्लेख गर्नुभएको छ । हाम्रो संस्कृति, संस्कारको संरक्षणमा वहाँको गहिरो चिन्तन छ । यस उपन्यासको विभिन्न खण्डहरूमा त्यसको झल्को पाइन्छ । अलकापुरी सभाको वायु उपशीर्षकमा वहाँ भन्नु हुन्छ जन्मदिनमा आठ ओटा चिरञ्जीवीको पूजा अर्चना गरेपछि आयु लामो हुन्छ । यसै खण्डमा वहाँले प्राणायामबाट प्राणको आयाममा विस्तार हुन्छ भन्दै दीर्घ जीवन प्राप्त गर्ने उपाय बताउनु भएको छ । धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक कथा नै उपन्यास हो, यो विशालकाय अलकापुरी सभा उपन्यासले त्यस परिभाषालाई आत्मसात गरेको छ ।

आधुनिक युगको महत्वपूर्ण विधा उपन्यास लेख्ने व्यक्तिले पाठकबाट हरेक अध्यायमा मीठो मीठो खुराक पस्किराख्न सक्नुपर्दछ । नौलोपन र रोचकता भएमा मात्रै पाठकले उत्सुक भएर उत्कण्ठित भएर आफूलाई त्यसमा बाँध्न सक्छ । विषयवस्तु, भाषा, प्रस्तुति र नौलोपन सबैको सम्मिश्रणले कुनै पनि कुरालाई पठनीय बनाउँछ, न्यौपाने ज्यूको यस उपन्यासमा ती सबै कुरा छन् । लेखकले वर्षौंलगाएर लेखेको यस उपन्यासलाई धैर्य गरेर पढ्ने पाठकले आश गरेको भन्दा धेरै कुरा प्राप्त गर्दछ । कोभिडको बारेमा प्रकाश पार्ने क्रममा प्रकृति र प्राणीहरू प्रति अन्याय अत्याचार नगर्ने सन्देश यस उपन्यासले दिएको छ ।

धर्तीलाई सुन्दर बनाउने मानवले हो । मानव सुसंस्कृत हुन शिक्षा, राजनीति, धर्म, विज्ञान सबै क्षेत्रमा सदाचारको पालना हुनु पर्दछ भन्ने लेखकको तर्क एकदमै सान्दर्भिक छ । महाराज इन्द्र र प्रकृतिमाताको संवाद अत्यन्तै मार्मिक छ । अत्यधिक कार्वन उत्सर्जन भएकाले ओजनतह प्वाल पर्न लागेको कुरा उल्लेख छ । ओजनतहको मर्मत कार्य गर्नको लागि प्रकृतिमाताले कोरोना भाइरस उत्पत्ति गरि सरुवा रोगको रूपमा पठाएको, रोग फैलिएपछि जलयान, थलयान, वायुयान, उद्योग कलकारखाना बन्द भएका, सबै बन्द भएपछि प्रकृतिमाताले ओजनतहको मर्मत गर्न थाल्नु भएको प्रसङ्ग अत्यन्तै रोचक छ ।

डा. प्रेमराज न्यौपानेको 'अलकापुरी सभा' महाउपन्यासको नाम हो । नेपाली उपन्यासको इतिहासमा यति ठूलो आयाम बोकेको उपन्यास यसभन्दा अगाडि प्रकाशित भएकै थिएन । वर्षौंवर्षको लगातार दीर्घ साधनापछि यो उपन्यास तयार भएको हो । उपन्यासकार डा. न्यौपानेले उपन्यासलाई आयामका दृष्टिले मात्रै स्थूल बनाएका छैनन् । नियम, परिवेश र घटनाक्रमको पनि यहाँ बाहुल्य देखिन्छ । यस कृतिमा

न्यौपानेको ज्ञान चन्दन जस्तै बनेर सुवासित बनेको छ । औपन्यासिक विषयले समसामयिक र नवीन चिन्तनमाथि आलोक वर्षाएको छ । वर्तमान जीवन र जगत भौतिकताको जगजगीले एकदमै आक्रान्त बनेको छ । प्रकृतिमाथि मान्छेको ताण्डव नृत्य चलेको छ । जसले गर्दा प्रकृति लगायत सम्पूर्ण जीवजन्तु, वनस्पतिको जीवन संकटमा परिसकेको छ । मानिसले भौतिकताको उच्चतम विकास गरेर आफ्नै विनासको खाल्डो खनिरहेको छ । प्रकृति आफ्नो निर्वाध गतिमा चल्न पाइरहेको छैन । यसैको असरले हरेक प्राणीको जीवन संकटमा परिरहेको छ । जताततै बाढी, पहिरो, भूक्षय र अनेकौं संक्रामक रोग फैलिरहेको छ । मान्छेले न शुद्ध खान पाएको छ, न शुद्ध हावा पान गर्न नै पाएको छ । आज मानिसले गासैपिच्छे विषादि खाइरहेको छ । अनेकौं रोगबाट आक्रान्त बनेर जिउ र धन स्वाहा पार्न बाध्य भैरहेका छन् । यस्ता महत्त्वपूर्ण समस्याको उठान गरेर समाधानका उपाय निकाल्ने कार्य उपन्यासकार न्यौपानेले गरेका छन् । प्राकृत अनुशासनको पालना गरी सम्पूर्ण जीवजगत, प्राणी जगत, जलचर, थलचर, कीटकृमी लगायत सम्पूर्ण प्राणी र मानवको कल्याण र अभ्यूदयको नयाँ मार्गको खोजी गर्नु यस युगको प्रमुख आवश्यकता हो भन्ने प्रस्तावनाका रूपमा यो उपन्यासलाई प्रस्तुत गरिएको छ । यो एकदमै नवीन तर समसामयिक प्रस्तावना हो । लोककल्याणकारी यो प्रस्तावनालाई विचार विमर्श गरी कार्यान्वयनमा उतार्न सकियो भने धरा र धरामा बस्ने सम्पूर्णको कल्याण हुनेछ । यो उपन्यास विश्वकल्याणको गहन उपलब्धि हो । महर्षि वेदव्यासले विश्वकल्याणका लागि जसरी विभिन्न पुराणहरूको रचना गरेर विश्वलाई ठूलो गुन लगाए त्यसरी नै वर्तमान विश्वमा छाएको त्रासदीपूर्ण अवस्थालाई शान्त पार्न विविध विषयलाई समेटेर उपन्यासकार न्यौपानेले 'अलकापुरी सभा' को रचना गरेका छन् । सभा मार्फत् सुधार गर्नुपर्ने विषयहरूलाई प्रष्टरूपमा औंल्याएका छन् । तसर्थ डा. न्यौपानेलाई वर्तमान युगका व्यासका उत्तराधिकारी भन्न सकिन्छ । विश्वकल्याण र मानव कल्याणका लागि भनेर खाइ नखाई उनी लागेका हुन् । यो सहज कार्य होइन । एकदमै दुसाध्य र कठिन कार्य हो । यस्तो दुःसाध्य जगत कल्याणको महान् सङ्कल्प बोकेर अहोरात्र खटिने डा. न्यौपाने यही नेपालका सपुत हुन् ।

जीवन र जगत भनेका एक सिक्काका दुई पाटा हुन् । दुवैको अस्तित्व एक अर्कामा सन्निहित छ । जीवन राम्रो भयो भने जगत राम्रो हुन्छ । जगत राम्रो भयो भने जीवन राम्रो हुन्छ । यसका लागि मानव प्राणी नै सजग र सतर्क हुन पर्दछ । धर्तीमा शान्ति स्थापनाका लागि नैतिक मूल्य र मान्यताको विकास गरेर क्षमाशील बन्नु पर्दछ । एक अर्काप्रति बदलाको भावनाले गर्दा मान्छेभित्र दया र करुणा मर्दै गएको छ भने मेरो गोरुको बाह्रै टक्का भनेजस्तो मान्छेभित्र जरा गाडेर बसेको घमण्ड र हठवादको उन्मूलन गरिनुपर्दछ । विश्वबन्धुत्व र विश्वभातृत्वको उदय नभएसम्म विश्वलाई स्वर्ग बनाउन सकिँदैन । अहिले मान्छे विज्ञानको चरमोत्कर्षमा रमाइरहेको छ । शास्वत मूल्य र मान्यता प्रति अलिकति पनि दृष्टि दिइरहेको छैन । डिजिटल प्रविधिभित्रका राम्रा पक्षलाई भन्दा नराम्रा पक्षलाई व्यवहारमा उतारिरहेको छ । यसैको समग्र मीमांसाका रूपमा यो उपन्यास खडा भएको छ ।

श्रद्धा र आस्थामा दीक्षित सभ्य समाजले नै **'मा हिंस्यात् सर्वा भूतानि'** यो वेद वचनलाई अक्षरशः पालना गर्न सक्छ, जसले आनन्दमय समाजको निर्माण गर्न सक्छ । डा. न्यौपानेज्यूको उपन्यासको मूल भावना यस्तै सेरोफेरोमा घुमेको छ ।

अलकापुरीसभा प्रकृतिको चित्रण गरी लेखिएको उपन्यास हो । मानव प्रकृतिको विरुद्धमा गएको हुनाले मानवले प्राकृत प्रलयहरू र महामारीहरूको सामना गर्नुपरेको छ, भन्ने कुरा देखाइएको छ । धर्ती सबैतिर खुशि, आनन्द, उल्लास, उमङ्गले भरिएको बनाउने कल्पना गरेर यो उपन्यास रचिएको हो । यो कार्य गर्नका लागि देवताका

राजा इन्द्रलाई लगाइन्छ । खुशी-आनन्दले भरिएको धर्ती बनाउनको लागि देवताहरू, पितृहरू, मानवहरू, जनावरहरू र सम्पूर्ण कीट-पतंगहरू भेला भएर सभा सञ्चालन गर्ने निर्णय हुन्छ । सभामा सबैका के-कस्ता पीर, मर्का छन् ? बुझ्ने र समाधान पहिल्याउने कार्य हुन्छ । सबै सहभागीहरूले आफुले भोग्नुपरेका पीरमर्काहरू बताउँछन् र समाधानका बाटाहरू पनि उल्लेख गर्छन् ।

यस पुस्तकमा मानव सदाचारी हुनुपर्छ भनिएको छ । सदाचारी मानवबाट प्राकृत नियमको पालना हुन्छ । पालना भएपछि सम्पूर्ण जीव, प्राणीको कल्याण हुने कुरा उल्लेख छ ।

सदाचारी मानव बनाउनको लागि धर्तिमा सबैतिर राम्रो अनुभूति मात्र ग्रहण गर्ने वातावरण हुनुपर्ने भाव व्यक्त गर्दै ध्वनि प्रदूषण, वायु प्रदूषण रोक्नको लागि जलयान, थलयान, वायुयान र उद्योग-कलकारखाना सबै सोलार इनर्जीबाट सञ्चालित हुनुपर्ने प्रस्ताव गरिएको छ ।

वैज्ञानिकहरू आटमिक अस्त्र, शस्त्रको होडवाजी छोडेर समुद्रमा धावन मार्ग बनाउन, सौर्य उर्जा, वायु ऊर्जा, जलऊर्जाको विकास गर्न लाग्नुपर्ने कुरा उपन्यासमा उल्लेख गरिएको छ । भाइरस बनाउने, भाइरसको प्रयोग गरेर अरुलाई दुःख दिने भाइरसका व्यापार व्यवसाय गर्ने सबैलाई अत्यन्तै ठूलो सजाय दिनु पर्ने भाव व्यक्त भएको पाइन्छ ।

शास्त्रीय विधानको ख्याल गरी सम्पन्न गरिने देवकर्ममा बलीको आफ्नो महत्त्व छ, तर मानवले आफ्नो इन्द्रिय तृप्तिका लागि अमानवीय रूपमा गर्ने पशुहिंसा प्राकृतिक धर्म विरुद्ध छ । पौराणिक कालमा भएका महाभारत जस्ता ठूला-ठूला युद्ध धर्म र अधर्मका बिच सत्यको पक्षमा, धर्म र कर्तव्यको पक्षमा भएकोले केबल भावनात्मक रूपमा मात्र हेर्न हुँदैन । मूल उद्देश्यलाई विचार गर्नु बुद्धिमानी हुन्छ ।

विकास गर्ने क्रममा प्रकृतिमाथि अतिक्रमण हुन पुगेको छ । जल, थल, वायु प्रदुषित हुनाले प्राकृत प्रलय र रोगका महामारीहरू फैलिन थालेका छन् । प्राकृत जीवनशैली अवलम्बन गरी भावी पुस्ताको निमित्त स्वच्छ, समृद्ध र शान्त धर्ती उपलब्ध गराउनु आजको मानवको प्रमुख दायित्व हो । यसर्थ लेखकले प्राकृत पद्धतिलाई विशेष रूपले उपन्यासमा उठाउनु भएको छ । प्राकृत पद्धति अवलम्बन गर्न सबैलाई आग्रह गर्नुभएको छ । दण्ड सजाय र पुरस्कारका पद्धतिसमेत प्राकृत बनाउन भन्ने लेखकको वास्तवमा नै नविन प्रयोगका रूपमा देखापरेको छ ।

**शीर्षक चयन**

प्रस्तुत कृतिको नाम 'अलकापुरी सभा' भनेर राखिएको छ । प्रस्तुत कृतिभित्रका शीर्षक उपशीर्षक र विषयवस्तुहरू अध्ययन गर्दा कृतिको शीर्षक उपयुक्त र आकर्षक भएको पाइन्छ । विश्वब्रह्माण्डभरिका विषयलाई बाहिर ल्याएर सबैलाई सुसूचित गराउने काम प्रस्तुत कृतिले गरेको छ । यस किसिमका कृति लेखन कार्यले नेपाली आख्यानमा एउटा ईंटा थपिएको छ ।

**पुस्तकको आवरण**

प्रस्तुत कृतिको अग्रभागमा सबैभन्दा माथि पुस्तकको नाम बिच भागमा काल्पनिक प्रकृतिको आकर्षक चित्र तल्लो भागमा लेखकको नाम अंकित गरी किताबलाई आकर्षक बनाएको छ । पुस्तकको पृष्ठ भागमा लेखको तस्विर, नाम, जन्ममिति, स्थान, हालको बसोबास क्षेत्रसँगै लेखकको अन्य परिचयहरू, अनुभवहरू, सिलसिलेवार रूपमा राखिएको छ । जसबाट पाठकहरूले लेखकको बारेमा जानकारीसँगै पाठकहरूले चाहना राखेमा पुस्तकहरूको जानकारी लिन सहयोग पुग्ने देखिन्छ ।

**कृतिको खण्ड विभाजन**

लेखकले प्रस्तुत कृति तयार गर्दा जम्मा पाँच ओटा खण्डमा विभाजन गरेका छन् । प्रस्तुत कृतिको शुरूवातमा उनले आफ्ना मातापिता समक्ष समर्पण गर्दै भूमिकाहरू र त्यसपछि विषयसूची राखेका छन् । पुस्तकमा समावेश गरिएको छन्द कविताले कृतिको गरिमा बढाएको छ ।

**विषयवस्तुको प्रस्तुतीकरण**

लेखकले कृति तयार गर्दा धेरै मिहेनत गर्नु भएको छ । यो कृति तयार गर्नु भन्दाअगाडि पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा अनुसन्धानात्मक लेखहरूसँगै साधारण लेख र किताबहरू प्रकाशित गरिसक्नु भएको छ । लेखक नयाँ नयाँ लेखहरू : पुस्तकहरू प्रकाशित गर्न रुचि राख्नु हुन्छ । यसरी विभिन्न लेखकहरूको माध्यमबाट विश्वब्रह्माण्डभरिको ज्ञानको विषयवस्तुलाई प्रस्तुत गर्ने काम गर्नु भएको छ । विश्वको प्रकृति, भूगोल, ज्ञान, विज्ञान, अध्यात्म जस्ता विषयमा अध्ययन गर्न जान्न खोज्नेहरूलाई सजिलो हुने दखिन्छ । यिनै कारणले गर्दा पुस्तक स्तरीय छ विषयवस्तुमा केन्द्रित भएको पाइन्छ ।

**निष्कर्ष**

डा. प्रेमराज न्यौपानेको यो उपन्यास प्रकृतिको साङ्गोपाङ्ग चित्रणमा आधारित छ । उपन्यासकारले प्रकृतिको सूक्ष्मातिसूक्ष्म किसिमले अध्ययन र विश्लेषण गरेर प्रकृति र मानव जीवनका बीचको दोहोरो सम्बन्धलाई प्रस्ट्याएका छन् । प्रकृतिको अस्तित्व रहे सबैको अस्तित्व सुरक्षित हुन सक्दछ नत्र भने कसैको पनि भविष्य सुरक्षित नहुने भएकोले प्रकृतिप्रति सचेत र सतर्क भै यसको हिफाजतमा लाग्नुपर्ने सन्देश दिएका छन् ।

धर्तीलाई स्वर्गीय आनन्दले परिपूर्ण गराउनका लागि देवताका राजा इन्द्रलाई प्रमुख भूमिका प्रदान गरिएको छ । सुख, शान्ति, अमनचैनका लागि मान्छे जनावर, कीटपतंग भेला भई सभाको आयोजना गर्दछन् । सभामा व्यापक छलफल गरी सबैका पिरमर्का बुझेर समाधान निकाल्न प्रयत्न गरिएको छ । समावेशी किसिमको सभाको आयोजना भएको छ । सबैको पिरमर्काको राम्रो सम्बोधन भएको छ र समाधान पहिल्याइएको छ ।

'अलकापुरी सभा' ले मानिसलाई सदाचारी रहनका लागि मार्ग प्रशस्त गरेको छ । प्रकृतिले निर्धारण गरेका कुराभन्दा पृथक् कार्य गर्न नहुने मान्यता अघि सारेको छ । हत्या, हिंसाजस्ता कार्य मानवका स्वाभाविक चरित्रभित्र पर्दैनन् । मानिस त शाकाहारी प्राणी हो । मांशाहारी होइन तर अहिले ठिक उल्टो भइरहेको छ । यसमा सुधार ल्याउन सक्नुपर्दछ भन्ने चिन्तनमा यो उपन्यास केन्द्रित छ । पहिलेको गुरुकुलको जस्तै सुरम्य वातावरण अहिलेका विद्यालयहरूमा उतार्न जरुरी छ । नैतिक शिक्षाको अभावले विद्यार्थीहरू पथभ्रष्ट भएका छन् । महङ्गो शुल्क तिरेका छन्, तर काम नलाग्ने शिक्षा दिमागमा थोपरिरहेका छन् । त्यसैले गर्दा प्रकृति र मानवका बिचमा ठूलो पर्खाल खडा भएको छ । यसतर्फ पनि सचेत रहन यो उपन्यासले मार्ग निर्देश गरेको छ ।